# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६६

भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

भरतपुर

# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६६

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी भरतपुर खानेपानी व्यवस्थापन बोर्डले नेपाल सरकारको स्विकृति लिई देहायका नियमहरु बनाएको छ।

परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यि नियमहरुको नाम " भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृति प्राप्त भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा ;

(क) "ऐन" भन्नाले खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको भरतपुर खानेपानी व्यवस्थापन बोर्ड सम्झनु पर्छ ।

(ग) "अनुमति पत्र" भन्नाले बोर्डले आफ्नो भौगालिक क्षेत्र भित्र खानेपानी तथा सरसफाइ सेवा संचालन गर्न सेवा प्रदायकलाई प्रदान गरेको अनुमति पत्र सम्झनुपर्छ र सो शब्दले बोर्डले आफ्नो भौगालिक क्षेत्र भित्र भुमिगत श्रोतको पानी निकाल्न वा उपयोग गर्न जारी गरेको अनुमति पत्र समेतलाई जनाउंछ ।

(घ) "सम्झौता" भन्नाले वोर्ड र सेवा प्रदायक बीच सेवा संचालन गर्ने सम्वन्धमा भएको सम्झौता सम्झनु पर्छ ।

(ङ) "सेवा" भन्नाले वोर्डले उपलव्ध गराउने खानेपानी सेवा वा सरसफाई सेवा सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले वोर्डको कार्यकारी समिति सम्झनु पर्छ ।

(छ) "स्थानीय निकाय" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठन भएको गाउँ विकास समिति तथा नगरपालिका सम्झनु पर्छ । सो शब्दले जिल्ला विकास समितिलाई समेत जनाउँछ ।

(ज) "संस्थान" भन्नाले नेपाल खानेपानी संस्थान ऐन, २०४६ बमोजिम स्थापित नेपाल खानेपानी संस्थान संम्झनुपर्छ ।

## परिच्छेद २

## वोर्डले सेवा प्रणाली लिने

३. **सेवा प्रणाली हस्तान्तरण गराई लिनेः** (१) बोर्डले यो नियमावली प्रारम्भ भएपछि भरतपुर भित्र स्थानीय निकाय तथा संस्थानले संचालन तथा व्यवस्थापन गरी रहेको सेवा र सो सँग सम्वन्धित सेवा प्रणाली बोर्डमा हस्तान्तरण गराई लिनेछ ।

(२) उपनियम (१) बमोजिम स्थानीय निकाय तथा संस्थानले संचालन तथा व्यवस्थापन गरी रहेको सेवा र सेवा प्रणाली हस्तान्तरण गराई लिंदा सो सेवा प्रणालीको संजालसँग जोडिएको वा सम्बद्ध सेवा प्रणाली कुनै संस्थान, सरकारी निकाय र स्थानीय निकायले संचालन र व्यवस्थापन गरी रहेको भए त्यस्तो सेवा र सेवा प्रणाली समेत बोर्डले हस्तान्तरण गराई लिन सक्ने छ ।

४. **स्थानीय निकाय तथा संस्थानबाट सेवा प्रणाली, सम्पत्ति तथा दायित्वको हस्तान्तरण विधि :** (१) वोर्डले नियम ३ को उपनियम (१) बमोजिम स्थानीय निकाय तथा संस्थानले संचालन र व्यवस्थापन गरिरहेको सेवा र सेवा प्रणाली वोर्डमा हस्तान्तरण गरी लिँदा देहायका कुराहरु एकिन गरेर मात्र त्यस्तो सेवा प्रणाली हस्तान्तरण गरी लिनेछ :–

(क) स्थानीय निकाय तथा संस्थानद्वारा तत्काल उपलव्ध गराईरहेको सेवा र सेवा प्रणालीको स्थिति,

(ख) स्थानीय निकाय तथा संस्थानबाट हस्तान्तरण गरी लिइने सेवा प्रणालीले ओगटेको भौगोलिक क्षेत्र,

(ग) स्थानीय निकाय तथा संस्थानवाट हस्तान्तरण गरी लिइने सेवा र सेवा प्रणाली तथा सो सँग सम्वन्धित वास्तविक सम्पत्ति, ऋण तथा दायित्व,

(२) स्थानीय निकाय तथा संस्थानवाट सेवा र सेवा प्रणाली बोर्डमा हस्तान्तरण गरी लिंदा त्यसरी हस्तान्तरण गरी लिइने सेवा र सेवा प्रणाली तथा सो सँग सम्वन्धित वास्तविक सम्पत्ति र दायित्व समितिले निर्धारण गरे बमोजिम एकिन गरी हस्तान्तरण गरी लिनेछ ।

(३) नेपाल सरकारले हेटौंडा-भरतपुर भित्र स्थानीय निकाय तथा संस्थानले संचालन गरिरहेको सेवा र सो सँग सम्वद्ध सेवा प्रणाली मूल्यांकन गरी बोर्डमा हस्तान्तण गर्ने व्यवस्था गरिदिने छ ।

४. **सरकारी वा अन्य निकायबाट सेवा प्रणाली, सम्पत्ति तथा दायित्वको हस्तान्तरण विधि :**

(१) बोर्डले नियम ३ को उपनियम (२) बमोजिम कुनै सरक़ारी निकाय वा स्थानीय निकाय वा अन्य कुनै निंकायले संचालन र व्यवस्थापन गरिरहेको सेवा र सेवा प्रणाली बोर्डमा हस्तान्तरण गरी लिने भएमा देहायका कुराहरु एकिन गरेर मात्र त्यस्तो सेवा प्रणाली हस्तान्तरण गरी लिनेछ :–

(क) सरकारी निकाय वा स्थानीय निकाय वा अन्य निकायद्वारा तत्काल उपलव्ध गराईरहेको सेवा र सेवा प्रणालीको स्थिति,

(ख) सरकारी निकाय वा स्थानीय निकाय वा अन्य निकायबाट हस्तान्तरण गरी लिइने सेवा प्रणालीले ओगटेको भौगोलिक क्षेत्र,

(ग) सरकारी निकाय वा स्थानीय निकाय वा अन्य निकायबाट हस्तान्तरण गरी लिइने सेवा र सेवा प्रणाली तथा सो सँग सम्वन्धित बास्तविक सम्पत्तिको मूल्य निर्धारण गर्ने तरिका,

(घ) सेवा प्रणलीसंग सम्बन्धीत ऋण वा अन्य दायित्व भए सो कुरा,

(ङ) सेवा प्रणाली बोर्डमा हस्तान्तरण गरे वापत सरकार वा स्थानिय निकायलाई कुनै मूल्य तिर्नु बुझाउनु पर्ने भए सो मूल्य तिर्ने तरिका र अवधि,

(च) समितिले तोकिदिएका अन्य कुराहरु ।

(२) उपनियम (१) बमोजिम सेवा र सेवा प्रणाली बोर्डमा हस्तान्तरण गरी लिंदा समितिले तोकिदिए बमोजिम मूल्य निर्धारण गरी हस्तान्तरण हुने खुद सम्पत्ति र त्यसवापत कुनै रकम तिर्नु पर्ने भए त्यस्तो रकम भुक्तानी गर्ने तरिका समेत निश्चित गरी हस्तान्तरण गरी लिनेछ ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि बोर्डले कुनै पनि व्यक्ति वा उपभोक्ता समिति वा निजि क्षेत्रको संस्थाले संचालन तथा व्यवस्थापन गरी रहेको सेवा प्रणाली वोर्डको सेवा प्रणालीमा जोडी सेवा प्रदान गर्न आवश्यक र उचित देखेमा सम्वन्धित व्यक्ति, समिति वा संस्था वा निकायसंग वार्ता गरी सो सेवा प्रणाली प्राप्त गर्न वा खरिद गरी लिन सक्ने छ ।

६. <u>बोर्डले निवेदन दिन सक्ने</u> : (१) बोर्डले नियम ५ को उपनियम (१) बमोजिम कुनै सरकारी निकाय वा स्थानिय निकायले संचालन तथा व्यवस्थापन गरिरहेको कुनै सेवा आफूले संचालन गरिरहेको सेवा प्रणालीको संजाल भित्र पारी संचालन गर्न गराउन आवश्यक देखेमा त्यस्तो सेवा प्रणाली बोर्डमा हस्तान्तरण गरी लिन नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने निवेदनमा देहायको विवरण समेत खुलाइएको हुनु पर्नेछ :–

(क) सेवा हस्तान्तरण गरी लिने क्षेत्रको विवरण,

(ख) सेवा हस्तान्तरण गरी लिने क्षेत्रमा बसोबास गर्ने उपभोक्ता सम्वन्धी विवरण,

(ग) थप हुने क्षेत्रबाट सेवा महशुल बापत प्राप्त हुने अनुमानित रकम,

(घ) थप हुने क्षेत्रमा सेवा संचालन तथा व्यवस्थापन गर्न बिद्यमान जनशक्ति प्रर्याप्त भए, नभएको र थप गर्नुपर्ने भए त्यसको विवरण,

(ङ) सेवा प्रदायक मार्फत सेवा संचालन गराउने सम्बन्धमा भएको सहमति वा सम्झौता वा अनुमतिपत्र सम्वन्धी विवरण,

(च) सेवा प्रणालीसँग सम्वन्धित सम्पत्ति तथा दायित्व निर्धारण गरी हस्तान्तरण गर्ने प्रस्तावित कार्यविधि र तत् सम्वन्धी अन्य व्यवस्था,

(छ) अन्य आवश्यक कुराहरु ।

(३) उपनियम (१) बमोजिम निबेदन प्रप्त भएपछि नेपाल सरकारले आबश्यक जांचबुझ गरी त्यस्तो सेवा र सेवा प्रणली बोर्डमा हस्तान्तरण गराई संचालन तथा व्यवस्थापन गराउन उचित देखेमा सो सेवा र सेवा प्रणाली बोर्डमा हस्तान्तरण गर्ने व्यवस्था गरी दिनेछ ।

७. <u>बोर्डले वार्ताद्धारा सेवा प्रणाली लिन सक्ने</u> : (१) नियम ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्ति, उपभोक्ता समिति वा स्थानीय निकायले निर्माण गरी संचालन तथा व्यवस्थापन गरिरहेको सेवा प्रणाली बोर्डको सेवा प्रणालीसँग आवद्ध गरी संचालन गर्न आबश्यक र उचित देखिएमा बोर्डले सम्वन्धित उपभोक्ता समिति वा स्थानीय निकाय वा अन्य निकायसँग वार्ता गरी त्यस्तो सेवा प्रणाली प्राप्त गरी संचालन र व्यवस्थापन गर्न सक्ने छ ।

(२) उपनियम (१) बमोजिम उपभोक्ता समिति वा स्थानिय निकायसँग वार्ता गरी सेवा प्रणाली प्राप्त गर्ने कार्यविधि र मूल्यांकन सम्वन्धी अन्य व्यवस्था बोर्ड र सम्वन्धित उपभोक्ता समिति वा स्थानीय निकायले वार्ताद्धारा तय गरे बमोजिम हुनेछ ।

## परिच्छेद ३

## बोर्डको काम, कर्तव्य र अधिकार

८. **बोर्डको अन्य काम, कर्तव्य र अधिकार** : ऐनको दफा ६ मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) सेवाको गुणस्तर वा मापदण्ड तोकिएकोमा त्यस्तो गुणस्तर वा मापदण्ड अनुसार सेवा प्रदान भए नभएको अनुगमन गर्ने,

(ख) प्रचलित कानून बमोजिम निर्धारण भएको सेवा महशुलमा पुनरावलोकन गर्नुपर्ने भए सम्वन्धित निकायमा सिफारिस गर्ने,

(ग) कुनै सरकारी निकायले संचालन गरिरहेको सेवा प्रणाली बोर्डमा हस्तान्तरण भएकोमा सो सेवा प्रणाली हस्तान्तरण हुँदाका बखत निर्धारित शर्त र ऐन तथा यस नियमावली बमोजिम संचालन भए नभएको सम्वन्धमा अनुगमन तथा निरिक्षण गर्ने गराउने,

(घ) सेवा प्रदायकले प्रदान गरेको सेवाको अनुगमन गर्ने गराउने,

(ङ) भूमिगत पानीको उपयोग सम्वन्धी आवश्यक निति तर्जुमा गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष प्रस्तुत गर्ने,

(च) वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी आफ्नो भौगोलिक क्षेत्र भित्र आवश्यकता अनुसार सेवा प्रदायक वा उपभोक्तालाई भूमिगत पानी निकाल्न र उपयोग गर्न अनुमति पत्र प्रदान गर्ने,

(छ) वोर्डको वार्षिक प्रतिवेदन तयार गर्ने,

(ज) वोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने,

(झ) वोर्डमा आवश्यक पर्ने कर्मचारीको दरवन्दी स्वीकृत गर्ने,

(ञ) वोर्डको उद्देश्य प्राप्त गर्नको लागि आवश्यक पर्ने अन्य सबै काम गर्ने ।

९. **सेवा प्रदायक मार्फत सेवा संचालन गराउने**: (१) बोर्डले आफूले संचालन गर्ने सेवा कुनै सेवा प्रदायक मार्फत संचालन गराउने छ ।

(२) उपनियम (१) बमोजिम सेवा प्रदायक मार्फत सेवा संचालन गराउँदा वोर्डले सेवा प्रदायकलाई अनुमतिपत्र प्रदान गरेर वा त्यस्तो सेवा प्रदायकसँग सम्झौता गरेर सेवा तथा सेवा प्रणालीको संचालन तथा व्यवस्थापन गराउनेछ ।

(३) उपनियम (२) बमोजिम सेवा प्रदायकबाट संचालन तथा व्यवस्थापन गरिने सेवाको शर्त तथा मापदण्ड बोर्डले जारी गरेको अनुमतिपत्र वा बोर्ड र सेवा प्रदायक वीच भएको सम्झौतापत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपनियम (२) बमोजिम बोर्डले सेवा प्रदायकलाई जारी गर्ने अनुमति पत्रको ढाँचा अनुसूची-१ मा तोकिए बमोजिम हुनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि बोर्डले अनुमतिपत्र जारी गर्दा सेवा संचालन सम्बन्धमा छुट्टै शर्त तोकिदिन सक्ने छ ।

(६) वोर्डले सेवाप्रदायकलाई आफ्नो स्वामित्वमा रहेको सेवा प्रणाली प्रयोग गर्न दिएकोमा त्यसको निमित्त छुट्टै सम्झौता गर्नुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम गरिने सम्झौतामा सेवा संचालनको लागि सेवा प्रणालीको प्रयोग गरे वापत बोर्डले लिन पाउने शुल्क समेत उल्लेख गर्नुपर्नेछ ।

(८) सेवा प्रदायकको छनौट गर्ने तरिका तथा तत् सम्बन्धी अन्य कार्यविधि बोर्डको कार्यकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **सम्झौता वा अनुमतिपत्रमा उल्लेख गर्नुपर्ने कुराहरु :** (१) बोर्डले नियम ९ बमोजिम सेवा संचालन गराउँदा सेवा प्रदायकले पालना गर्नुपर्ने शर्त तथा सेवाको गुणस्तर वा मापदण्ड सम्झौता वा अनुमतिपत्रमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम बोर्ड र सेवा प्रदायकबीच सेवा संचालन गर्ने सम्वन्धमा हुने सम्झौता वा अनुमतिपत्रमा अन्य कुराको अतिरिक्ति देहायका कुराहरु समेत उल्लेख गर्नु पर्नेछ :–

(क) सेवाप्रदायकले उपभोक्तालाई प्रदान गर्ने सेवाको गुणस्तर,

(ख) सेवाप्रदायकले उपभोक्तासँग लिन सक्ने प्रचलित कानून बमोजिम निर्धारित महशुल,

(ग) सेवाप्रदायकले बोर्डलाई बुझाउनु पर्ने मासिक वा वार्षिक शुल्क,

(घ) न्यून-आय वर्गलाई दिनुपर्ने सुविधाहरु,

(ङ) सम्झौता रद्द गर्न सकिने अवस्थाहरु,

(च) सम्झौता रद्द गर्नुपरेमा अवलम्वन गरिने कार्यविधि,

(छ) सेवा प्रणालीको विकास र विस्तारका लागि गरिने पूजिँगत लगानी सम्वन्धी व्यवस्था,

(ज) सेवाप्रदायकले सम्झौताको शर्त विपरीत काम गरी सम्झौता रद्द भएमा तत्काल सेवा संचालन गर्ने सम्वन्धमा गरिएको वैकल्पिक व्यवस्था,

(झ) सेवाप्रदायकले सम्झौताको शर्त उल्लंघन गरेमा व्यहोर्नु पर्ने क्षतिपूर्ति,

(ञ) विवाद समाधान सम्बन्धी व्यवस्था,

(ट) बोर्डले उपभोक्ताको हितको लागि आवश्यक ठानेका अन्य कुराहरु ।

## परिच्छेद ४

## भूमिगत श्रोतको पानीको नियमन

११. बोर्डले भूमिगत श्रोतको पानीको नियमन गर्ने : (१) बोर्डले आफ्नो भौगोलिक क्षेत्र भित्रको भूमिगत श्रोतको पानीको नियमित रुपमा अनुगमन तथा नियमन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आफ्नो भौगोलिक क्षेत्र भित्रको भूमिगत श्रोतको पानीको अनुगमन गर्ने प्रयोजनको लागि बोर्डले पानीको गुणस्तर तथा वातावरणीय प्रभावलाई समेत विचार गरी आफ्नो भौगोलिक क्षेत्र भित्रको कुनै भागमा भूमिगत पानी निकाल्नबाट रोक लगाउन वा निश्चित परिमाण वा गहिराईबाट मात्र पानी निकाल्न सकिने गरी परिमाणात्मक बन्देज लगाउन सक्नेछ ।

तर परम्परा देखि प्रयोगभई आएका ढुङ्गेधारा, कुवा, इनार, रोअरपम्प वा स्यालो ट्युवेलबाट पानी निकाल्न र उपयोग गर्न यस उपनियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(३) उपनियम (२) बमोजिम वोर्डले आफ्नो भौगोलिक क्षेत्र भित्रको कुनै भागमा निश्चित गहिराई भन्दा मुनिको भुमिगत श्रोतको पानी निकाल्न रोक लगाउनु वा परिमाणात्मक बन्देज लगाउनु अघि सम्वन्धित विज्ञसँग परामर्श गर्न सक्नेछ ।

१२. भूमिगत श्रोतको पानी उपयोग गर्न अनुमतिपत्र लिनु पर्ने : (१) बोर्डले आफ्नो भौगोलिक क्षेत्र भित्रको भूमिगत श्रोतको पानीको उपयोगलाई नियमित र व्यवस्थित गर्न निश्चित गहिराई भन्दा मुनिको भूमिगत पानी निकाली उपयोग गर्ने उपभोक्ताले बोर्डबाट अनुमतिपत्र लिनु पर्ने व्यवस्था गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति पत्र लिनु पर्ने व्यवस्था गर्दा बोर्डले राष्ट्रिय स्तरको पत्रपत्रिकामा ३० दिन अगावै सूचना प्रकाशन गरी सो कुराको जानकारी उपभोक्तालाई दिनु पर्नेछ ।

१३. भूमिगत श्रोतको पानी उपयोग गर्न अनुमतिपत्र दिने : (१) बोर्डले नियम १२ बमोजिम अनुमतिपत्र लिनु पर्ने गरी व्यवस्था गरेको भौगोलिक क्षेत्र भित्रको भूमिगत श्रोतको पानीको उपयोग गर्न चाहने उपभोक्ताले अनुसुची – २ बमोजिम बोर्ड समक्ष निबेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निबेदन प्राप्त हुन आएमा बोर्डले आबश्यक जांचबुझ गर्दा निवेदकलाई भूमिगत पानी निकाल्ने तथा उपयोग गर्ने अनुमतिपत्र दिन उचित र आवश्यक देखिएमा अनुसूची - ३ मा तोकिएको ढांचामा अनुमतिपत्र दिन सक्नेछ ।

(३) बोर्डले उपनियम (२) बमोजिम अनुमतिपत्र दिँदा भूमिगत पानी निकाल्न पाउने परिमाणात्मक बन्देज वा अधिकतम गहिराई समेतका आवश्यक शर्तहरु तोक्न सक्नेछ ।

१४. अनुमतिपत्रको शर्त पालना गर्नु पर्ने : (१) अनुमतिपत्र प्राप्त उपभोक्ताले भूमिगत श्रोतको पानी निकाल्दा तथा उपयोग गर्दा बोर्डले तोकिदिएको शर्तहरुको पालना गर्नु पर्नेछ ।

(२) बोर्डले तोकिदिएको शर्तको पालना नगर्ने उपभोक्तालाई बोर्डले २ हजार देखि ५ हजार रुपैयाँ सम्म जरिवाना गर्न वा दिइएको अनुमतिपत्र समेत रद्द गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमतिपत्र रद्द गरिएमा त्यस्तो उपभोक्ताले भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्न पाउने छैन ।

(४) उपनियम (२) बमोजिम अनुमतिपत्र रद्द गरिएपछि पनि यस नियमको उलंघन गरी भूमिगत पानी निकालेमा त्यस्तो उपभोक्तालाई बोर्डले पच्चीस हजार रुपैयाँ जरिवाना गरी पानी निकाल्न प्रयोग गरेको उपकरण समेत जफत गर्नेछ ।

(५) यस नियम बमोजिम सजाँय गर्दा लिइने आधार बोर्डले निर्देशिका बनाई तोक्न सक्नेछ ।

१५. अनुमतिपत्र नलिई भूमिगत श्रोतको पानी निकाल्न नहुने : यस नियमावली बमोजिम भूमिगत श्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमतिपत्र लिन पर्ने गरी तोकिएको क्षेत्रमा उपभोक्ताले अनुमतिपत्र प्राप्त नगरी भूमिगत श्रोतको पानी निकालेमा त्यस्ता उपभोक्तालाई बोर्डले पचास हजार रुपयाँसम्म जरिवाना गरी पानी निकाल्न प्रयोग गरेको उपकरण समेत जफत गर्न सक्नेछ ।

परिच्छेद ५

## सदस्यको सुविधा

१६. समितिका सदस्यको भत्ता तथा सुविधा : (१) समितिका सदस्यले प्रत्येक बैठकमा भाग लिए बापत समितिले तोके बमोजिम बैठक भत्ता पाउने छन् ।

तर त्यसरी बैठक भत्ता तोक्दा प्रति बैठक प्रति व्यक्ति वढिमा एक हजार रुपैयाँ सम्म हुने गरी तोकिने छ ।

(२) समितिको बैठकमा उपस्थित विशेषज्ञ वा अन्य कुनै आमन्त्रित व्यक्तिले समेत बैठकमा उपस्थित भए वापत समितिका सदस्य सरह बैठक भत्ता पाउने छन् ।

(३) उपनियम (२) बमोजिम विशेषज्ञ वा कुनै ब्यक्तिलाई आमन्त्रण गर्दा निजसँग लिनु पर्ने विशेषज्ञताको विषय समेत तोकि आमन्त्रण गर्नु पर्नेछ ।

(४) समितिको कुनै सदस्यलाई अवधि किटान गरी कुनै खास काम लगाइएकोमा त्यस्तो काम गरे वापत उपनियम (१) मा उल्लिखित भत्ता रकमको अतिरिक्त समितिले तोकिदिए बमोजिम पारिश्रमिक तथा अन्य सुविधा दिन सकिने छ ।

परिच्छेद ६

## कार्यकारी निर्देशक तथा बोर्डका कर्मचारीहरु

१७. कार्यकारी निर्देशकको योग्यता तथा नियुक्ति : (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने समितिले मान्यता प्राप्त शिक्षण सस्थाबाट इन्जिनियरिङ्ग, व्यवस्थापन, वित्त, बाणिज्यशास्त्र, कानून, जनप्रशासन वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर गरेको वा स्नातक उपाधि हासिल गरी ३ बर्षको व्यवस्थापकीय अनुभव भएको व्यक्तिहरु मध्येबाट खुला प्रतिस्पर्धाद्वारा कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नेछ । यसरी नियुक्ति गर्दा खानेपानी तथा सरसफाइ क्षेत्रको अनुभवलाई विशेष ग्राहयता दिन सकिनेछ ।

(२) कार्यकारी निर्देशक नियुक्ति सम्वन्धी अन्य व्यवस्था समितिबाट स्वीकृत कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

१८. कार्यकारी निर्देशक पदमुक्त हुने:- देहायको अवस्थामा कार्यकारी निर्देशक आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(क) ऐनको दफा १७ बमोजिम पदावधि समाप्त भएमा वा पदबाट हटाएमा,

(ख) निजको साठी बर्षको उमेर पुरा भएमा,

(ग) राजीनामा स्वीकृत भएमा,

(घ) निजको मृत्यु भएमा,

१८. <u>कार्यकारी निर्देशकलाई पदबाट हटाउन सकिने</u> : (१) ऐनको दफा १७ को उपदफा (३) बमोजिम पदीय जिम्मेवारी पूरा नगरेको बोर्डको नीति विपरीत कुनै काम कारवाही गरेको वा कुनै खराव आचरणमा लागेको वा समितिले दिएको निर्देशन अनुरुप निजले काम नगरेको अवस्थामा कार्यकारी निर्देशकलाई निजको पदावधि पूरा हुनु अगावै पदबाट हटाउन आवश्यक देखिएमा समितिले निजसंग स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(२) समितिले उपनियम (१) बमोजिम स्पष्टीकरण माग गर्दा निजलाई लागेको अभियोग र पदवाट हटाउन परेको कारण तथा आधार समेत उल्लेख गरी स्पष्टीकरण माग गरिने छ ।

(३) उपनियम (२) बमोजिमको आरोपका सम्बन्धमा निजबाट प्राप्त स्पष्टीकरण सन्तोषजनक नदेखिएमा कार्यकारी निर्देशकलाई निजको पदबाट हटाउनु परेको कारण र आधार समेत स्पष्ट उल्लेख गरी निर्णय गरेर मात्र पदबाट हटाउनु पर्नेछ ।

१९. <u>कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधा</u> : (१)कार्यकारी निर्देशकले समितिले तोकिदिए बमोजिम पारिश्रमिक पाउने छ ।

(२)उपनियम (१) बमोजिम पारिश्रमिक तोक्दा समितिले कार्यकारी निर्देशकको योग्यता र अनुभव समेत विचार गरी अधिकतम चालिस हजार रुपैयां सम्म तोकिदिन सक्नेछ ।

(३)कार्यकारी निर्देशकलाई एउटा सवारी साधन र सो को लागि आवश्यक इन्धन सुविधा उपलब्ध गराईने छ । साथै कार्यकारी निर्देशकलाई हलुका सवारी चालकको न्यूनतम स्केल बमोजिमको सवारी चालक सुविधा उपलब्ध गराइने छ ।

(४)कार्यकारी निर्देशकले पाउने अन्य भत्ता तथा सुविधाहरु र सेवाका अन्य शर्तहरु सुविधा नेपाल सरकारको स्वीकृति लिई समितिले तोकिदिए बमोजिम हुने छ ।

२०. <u>कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार</u> : ऐनको दफा १८ मा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सेवा प्रदायकले उपलब्ध गराई रहेको सेवाको अनुगमन गर्ने गराउने,

(ख) अनुगमनवाट प्राप्त विवरणको आधारमा प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(ग) बोर्डको प्रशासकिय प्रमुखको रुपमा बोर्डको सामान्य प्रशासन तथा बोर्डका कर्मचारीहरुको प्रशासनिक नियन्त्रण गर्ने,

(घ) वोर्डको स्विकृत बजेट तथा कार्यक्रमको अधिनमा रहि आबश्यक रकम खर्च गर्ने,

(ङ) वोर्डको कोषको आन्तरिक नियन्त्रणको उचित प्रवन्ध गर्ने,

(च) वोर्डको कोष सन्चालन कार्यविधि तयार गरी स्विकृतिको लागि समितिमा पेश गर्ने,

(छ) वोर्डको वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(ज) ऐन वा यस नियमावलीको अधिनमा रहि वोर्डको कर्मचारीको सेवाका शर्त सम्वन्धी निर्देशिका तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ज) वोर्डको नीति तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(झ) नेपाल सरकारले समय समयमा दिएको निर्देशनको कार्यान्वयन गर्ने गराउने।

(ञ) समितिले तोकेका अन्य कामहरु गर्ने।

**कर्मचारी सम्वन्धी व्यवस्था :** (१) बोर्डमा समितिले निर्धारण गरे बमोजिम आवश्यक संख्यामा कर्मचारीहरु रहने छन्।

(२) उपनियम (१) बमोजिम बोर्डमा रहने कर्मचारीको पारिश्रमिक, भत्ता, सुविधा तथा सेवाका अन्य शर्तहरु र नियुक्ति गर्दा अवलम्वन गरिने कार्यविधि समितिले नियमावली बनाई तोके बमोजिम हुनेछ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थान वा अन्य कुनै निकायबाट सेवा प्रणाली हस्तान्तरण गराई लिएकोमा त्यस्तो सेवा प्रणालीसंग सम्वद्ध कर्मचारी समेत वोर्डमा सारी लिन सकिने छ।

(४) उपनियम (३) बमोजिम कर्मचारी सारी लिदा निजहरु कर्यरत रहेको सेवा, तह, श्रेणीको समान पदमा सारी लिन सकिने छ र त्यसरी सारी लिदा निजले खाइपाई आएको तलव, भत्ता तथा सुबिधा भन्दा घटी हुने गरी सरुवा वा पदस्थापन गरिने छैन।

(५) उपनियम (३) बमोजिम सरी आएका कर्मचारी निजको सेवा अवधिमा निरन्तरता कायम रहने गरी यसै नियम अन्तरगत नियुक्त भएको मानिनेछ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै कामदार वा कर्मचारीले साविकको संस्थान वा निकायमा नै फिर्ता जान चाहेमा एक वर्ष भित्रमा फिर्ता जान पाउनेछ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बोर्डले सेवा र सेवा प्रणाली अनुमतिपत्र दिई वा संझौता गरी सेवा प्रदायकलाई संचालन गर्न दिएको अवस्थामा

उपनियम (३) वमोजिम सरी आएका कर्मचारीलाई पनि सेवा प्रदायक संस्थामा काजमा वा सरुवा गरी पठाउन सकिने छ।

[illegible] <u>नेपाल सरकार समक्ष अनुरोध गर्न सक्ने</u> : (१) नियम २१ बमोजिम बोर्डमा कर्मचारी नियुक्ति नभएसम्म आवश्यक कर्मचारी उपलव्ध गराईदिन बोर्डले नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

(२) वोर्डले उपनियम (१) बमोजिम कर्मचारी उपलव्ध गराईदिन अनुरोध गरेमा नेपाल सरकारले कुनै सरकारी निकायमा कार्यरत कर्मचारीलाई बोर्डमा काजमा रही काम गर्न खटाउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम नेपाल सरकारले काजमा खटाएका कर्मचारीको पारिश्रमिक, भत्ता तथा सुविधा बोर्डले ब्यहोर्ने छ।

परिच्छेद ७

<u>वोर्डको आर्थिक व्यवस्था</u>

[illegible] <u>बोर्डले सेवा प्रदायकसँग शुल्क लिन सक्ने</u> : (१) बोर्डले आफ्नो भौगोलिक क्षेत्र भित्र अनुमतिपत्र प्राप्त गरी सेवा प्रदान गर्ने सेवा प्रदायकसँग त्यस्तो अनुमति पत्र प्रदान गरे वापत समितिले तोके बमोजिम अनुमतिपत्र दस्तुर तथा वार्षिक शुल्क लगाउन र असुल गर्न सक्नेछ।

(२) वोर्डले आफ्नो सेवा प्रणाली संचालन र व्यवस्थापन गर्न दिएकोमा त्यसरी सेवा प्रणाली संचालन गर्न दिए वापत सम्झौतामा तोकिए बमोजिमको रकम समेत सेवा प्रदायकबाट लिन सक्नेछ।

[illegible] <u>अतिरिक्त दस्तुर लगाउन सक्ने</u> : (१) उपभोक्ताले सेवा उपयोग गरे वापत बोर्डलाई तिर्नुपर्ने महशुल निर्धारित समयभित्र नतिरेमा वोर्डले त्यस्ता उपभोक्तालाई निजले तिर्नुपर्ने महशुलमा प्रचलित कानून वमोजिम स्थापित महशुल निर्धारण आयोगले समय समयमा तोकिदिए बमोजिम थप दस्तुर वा जरिवाना लगाई असुल गर्न सक्नेछ।

(२) वोर्डले उपभोक्तालाई नियमित सेवाभन्दा थप सेवा उपलव्ध गराएकोमा त्यस्ता उपभोक्तालाई अतिरिक्ति सेवाको किसिम र त्यसबाट उपभोक्ताले पाउने सुविधाको आधारमा निर्धारित सेवाको महशुलमा थप दस्तुर लगाउन र असुल गर्न सक्नेछ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि बोर्डबा अनुमतिपत्र प्राप्त गरी वा वोर्डसँग सम्झौता गरी सेवा प्रदायकले सेवा संचालन गरेकोमा त्यस्तो सेवा प्रदायकले पनि यस नियम बमोजिम थप दस्तुर वा जरिवाना लगाई महशुल उठाउन र अतिरिक्ति सेवा वापत थप दस्तुर लगाई असुल गर्न सक्नेछ ।

२८. उपभोक्ताले महशुल बुझाउनु पर्ने : (१) सेवा उपयोग गर्ने उपभोक्ताले ऐन तथा यस नियमावली अन्तर्गत बनेको निर्देशिकाको अधिनमा रही बोर्ड वा सेवा प्रदायकले महशुल तिर्नु पर्ने भनी निर्धारण गरेको समयावधि भित्र निर्धारित महशुल बोर्ड वा सेवा प्रदायकलाई बुझाउनु पर्नेछ ।

(२) बोर्ड वा सेवा प्रदायकले उपनियम (१) बमोजिम निर्धारित समय भित्र महशुल नतिर्ने उपभोक्ताको सेवा निलम्वन वा अन्त गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सेवा निलम्वन वा अन्त गरिएकोमा सम्वन्धित उपभोक्ताले तिर्न बाँकी महशुल तथा अतिरिक्त दस्तुर वा जरिवाना बुझाएमा मात्र पुनः सेवा सुचारु गरिनेछ ।

## परिच्छेद ८

## बोर्डको न्यायिक व्यवस्था :

२९. न्यायिक समिति गठन : (१) ऐनको दफा २७ को उपदफा (१) बमोजिम कसुरका सम्वन्धमा छानबिन गरी सजाय गर्न बोर्डले देहाय बमोजिमका अध्यक्ष र सदस्य रहेको एक न्यायिक समिति गठन गर्न सक्नेछ :–

(क) "जिल्ला" अदालतको न्यायधिश भैसकेको वा "जिल्ला" अदालतको न्यायाधीश हुन योगयता पुगेका व्यक्ति - अध्यक्ष

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त, व्यवस्थापन वा वाणिज्य शास्त्रमा कम्तीमा "स्नातक" व्यवस्थापन वा प्रशासनिक क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको व्यक्ति - सदस्य

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग विषयमा कम्तीमा "स्नातक" उपाधि हासिल गरी खानेपानी वा सरसफाईको क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको व्यक्ति - सदस्य

(२) बोर्डको कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारीले न्यायिक समितिको सचिव भई काम गर्नेछ ।

(३) न्यायिक समितिका अध्यक्ष र सदस्यले पाउने पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु नेपाल सरकारको सहमतिमा समितिले तोके बमोजिम हुनेछ ।

(४) ऐनको दफा २७ को उपदफा (२) बमोजिम बोर्ड समक्ष पर्न आएका उजुरी उपर न्यायिक समितिले आवश्यक छानविन गर्दा ऐनको दफा २७ को उपदफा (१) बमोजिमको कसुर गरेको ठहरेमा त्यस्ता कसुरदारलाई सोही उपदफा बमोजिम सजायको आदेश दिन सक्ने छ ।

(५) उपनियम (४) मा जुन सुकै कुरा लेखिएको भएता पनि सेवाको सामान्य दुरुपयोग वा सामान्य कसुरका सम्वन्धमा न्यायिक समितिले कसुर र जरिवाना समेत तोकी त्यस्तो जरिवाना गर्ने अधिकार बोर्ड वा सेवा प्रदायकको अधिकृत स्तरको कर्मचारीलाई सुम्पन्न सकिने छ ।

**स्पष्टीकरण** : सेवाको सामान्य दुरुपयोग वा सामान्य कसुर भन्नाले यस नियमको प्रयोजनको लागि मेशिन लगाई पानी तान्ने, मिटर बिगार्ने, मिटर वाहिरबाट पानी चोर्ने वा यस्तै प्रकारका कार्य सम्झनु पर्छ ।

(६) उपनियम (५) बमोजिम लगाइएको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले सो जरिवाना गर्ने निर्णय थाहा पाएको मितिले ३५ दिन भित्र न्यायिक समिति समक्ष पुनरावेदन दिन सक्ने छ ।

[illegible] **न्यायिक समितिको अधिकार** : नियम २६ बमोजिम गठित न्यायिक, समितिलाई ऐन वा यस नियमावली बमोजिम कसुर ठहरिने अभियोग लागेको व्यक्तिलाई आफू समक्ष उपस्थित गराउने, वयान लिने तथा कसुरको मात्रा र गाम्भिर्यता विचार गरी तारेखमा राख्ने वा धरौटी माग गर्ने लगायत प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ ।

[illegible] **न्यायिक समितिको वैठक सम्वन्धी कार्यविधि** : नियम २६ बमोजिम गठित न्यायिक समितिको वैठक सम्वन्धी कार्यविधि न्यायिक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ९

## बोर्डको कोष, लेखा र आन्तरिक नियन्त्रण

**बोर्डको कोषको खाता संचालन** : ऐनको दफा २८ बमोजिम बोर्डको कोषको खाता संचाल बोर्डको कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ ।

तर बोर्डमा कार्यकारी निर्देशक वा लेखा प्रमुख नभएको अवस्थामा समिति तोकिदिएका अधिकृत स्तरको कर्मचारीहरुको संयुक्त हस्ताक्षरबाट खाता संचालन हुन सक्नेछ

**उपभोक्ता संरक्षण कोषको उपयोग** : (१) ऐनको दफा २९ बमोजिमको उपभोक्ता संरक्ष कोषको रकम निशुल्क सेवा विस्तार गर्न वा सेवाको स्तर बृद्धि गर्न वा उपभोक्तालाई सेव महशुल छुट दिन उपयोग गरिनेछ ।

(२) उपनियम (१) बमोजिम निशुल्क सेवा विस्तार गर्दा वा सेवाको स्तर वृद्धि गद वा सेवा महशुल छुट दिदा देहायका उपभोक्तालाई प्राथमिकता दिइनेछ :–

(क) प्रचलित कानून बमोजिम निर्धारित महशहुल तिर्न नसक्ने भनी सम्वन्धित स्थानीय निकायबाट सिफारिस भै आएको उपभोक्ता,

(ख) निरपेक्ष गरिवीको रेखामुनि परेका उपभोक्ता,

(ग) समितिले तोकिदिएको मापदण्ड भित्र परेका उपभोक्ता ।

(३) उपनियम (१) बमोजिम निशुल्क सुविधा प्राप्त गर्न चाहने उपभोक्ताले त्यसरी निशुल्क सुविधा पाउनुपर्ने कारण र आधार समेत खोली बोर्ड समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन पर्न आएमा बोर्डले उपनियम (२) को अधिनमा रही आवश्यक छानविन गरी उपभोक्तालाई निशुल्क सुविधा वा महशुल छुट दिनु पर्नेछ ।

(५) उपभोक्ता संरक्षण कोषको उपयोग सम्बन्धी अन्य व्यवस्था समितिले तोकिदिए बमोजिम हुनेछ ।

**कोषको आन्तरिक नियन्त्रण** : (१) बोर्डको कोषको आन्तरिक नियन्त्रण गर्ने दायित्व कार्यकारी निर्देशकको हुनेछ ।

(२) कोषबाट रकम खर्च गर्दा स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको अधिनमा रही रकम खर्च गर्नु पर्नेछ ।

(३) आन्तरिक लेखा परीक्षण सम्वन्धी अन्य व्यवस्था समितिले तोकिदिए बमोजिम हुनेछ ।

**अन्तिम लेखा परिक्षण** : (१) मान्यता प्राप्त लेखा परीक्षकहरु मध्येबाट समितिले नियुक्ति गरेको लेखा परीक्षकले बोर्डको हिसाव किताबको अन्तिम लेखा परिक्षण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त लेखा परीक्षकले आफुले गरेको अ
परिक्षणको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमिक समितिले
बमोजिम हुनेछ।

(४) उपनियम (१) बमोजिम लेखा परीक्षक नियुक्ति गर्दा लगातार तिन
बढी अबधीका लागि एउटै लेखा परीक्षकलाई नियुक्ति गरिने छैन।

## परिच्छेद १०

## विविध

३४. **उपसमिति गठन गर्ने** : (१) समितिले आफुले सम्पादन गर्नुपर्ने काम कारवाही सुचारु
संचालन गर्न विभिन्न विषयसँग सम्वन्धित विषयगत उपसमिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम उपभोक्ताको हित संरक्षण गर्ने सम्वन्धमा उप
गठन गर्दा सम्वन्धित विशेषज्ञ, सेवा प्रदायक तथा उपभोक्ताको समेत उचित प्रधिनिधित
गरी उपसमिति गठन गर्नु पर्नेछ।

(३) कर्मचारीको सेवा शर्त सम्बन्धी विषयमा उप समिति गठन गर्दा कर्म
प्रतिनिधिलाई समेत समावेश गरिनेछ।

३५. **उपसमितिको काम, कर्तव्य र अधिकार** : (१) नियम ३३ बमोजिम गठित उपसमितिको
कर्तव्य तथा अधिकार त्यस्तो उपसमिति गठन गर्दाका बखत समितिले तोकिदिए बमोजिम हुने

(२) नियम ३३ बमोजिम गठित उपसमितिले काम गर्दा अवलम्वन गर्ने कार्य
उपसमितिका सदस्यहरुले पाउने सुविधा तथा अन्य व्यवस्था समितिले तोकिदिए बमो
हुनेछ।

३६. **अधिकार प्रत्यायोजन** : समितिले आफुलाई प्राप्त अधिकार आवश्यकता अनुसार समिति
अध्यक्ष, कुनै सदस्य, कार्यकारी निर्देशक, अधिकृत स्तरको कर्मचारी वा उपसमितिल
प्रत्यायोजन गर्न सक्नेछ।

३७. निर्देशिका बनाउन सक्ने : (१) ऐन तथा यस नियमावलीको अधिनमा रही वोर्डले **आवश्यक** निर्देशिका बनाउन सक्नेछ ।

(२) उपनियम (१) को सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी देहायका **विषयमा** वोर्डले निर्देशिका बनाउन सक्नेछ :–

क) बोर्डको कोषको आन्तरिक नियन्त्रण सम्वन्धी विषय,

ख) उपभोक्ता संरक्षण कोषको उपयोग र त्यसबाट उपभोक्तालाई दिने **सुविधा** सम्वन्धी विषय,

ग) न्यायिक समितिका सदस्यले पाउने पारिश्रमिक, भत्ता वा सुविधा **सम्वन्धी** विषय,

घ) ऐनको दफा ३३ बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार **तथा** उपसमितिका सदस्यले पाउने सुविधा सम्वन्धी विषय,

ङ) उपभोक्ता हित सँग सम्बन्धित अन्य आवश्यक विषय ।

ईaml०८

अनुसूचि - १

(नियम ९ (४) संग सम्बन्धित)

**भरतपुर खानेपानी व्यवस्थापन बोर्ड**

अनुमती पत्र संख्या .........

मिति :

खानेपानी/सरसफाई सेवा संचालन गर्न दिएको अनुमतिपत्र

श्री ..........................

...............................

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ८ तथा भरतपुर खानेपानी व्यवस्थापन वोर्ड नियमावली, २०६६ को नियम ९ को उपनियम (४) बमोजिम तपाईलाई देहायको शर्तहरुको अधीनमा रही भरतपुरको देहायको क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा संचालन गर्न यस बोर्डको मिति .............. को निर्णयनुसार यो अनुमति पत्र प्रदान गरिएको छ ।

सेवा संचालन गर्ने भौगोलिक क्षेत्रको विवरण :

सेवा संचालन गर्न प्रयोग गरिने पानीको स्रोतको विवरण :

सेवा संचालन गर्न प्रयोग हुने सेवा प्रणालीको विवरण :

सेवा प्रदान गरिने उपभोक्ताहरुको संख्या :

गार्हस्थ उपभोक्ता :

औद्योगिक उपभोक्ता :

व्यापारिक उपभोक्ता :

अन्य किसिमका :

सेवा संचालन शुरु गर्ने मिति :

अनुमती पत्र बहाल रहने अवधि :

सेवा संचालन सम्बन्धी शर्तहरु :

१. गुणस्तर

२.

३.

अनुमती पत्र प्रदान गर्ने :

दस्तखत :

नाम :

दर्जा :

मिति :

Eaw

अनुसूची - २

(नियम १३ (१) सँग सम्बन्धित)

श्रीमान् कार्यकारी निर्देशकज्यू

भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

.................. ।

**विषय : भूमिगत श्रोतको पानी झिक्न अनुमति पत्र पाउँ ।**

महोदय,

भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६६ को नियम १३ को उपनियम (१) बमोजिम भूमिगत श्रोतबाट पानी झिक्न अनुमति पत्र पाउनको निमित्त देहाय बमोजिमको विवरण उल्लेख गरी लाग्ने दस्तुर सहित यो निबेदन पेश गरेको छु ।

**विवरण :**

१. आबेदकको नाम, थर र ठेगाना :–

२. भूमिगत पानी झिक्ने स्थानको विवरण :– .............. जिल्ला .............
न.पा./गा.वि.स. ...... वडा नं. ........... टोल

३. भूमिगत श्रोतबाट झिकिने पानीको अधिकतम परिमाण :– .............. लिटर प्रतिदिन

४. भूमिगत पानी निकाल्न प्रयोग गरिने पाइप र उपकरणको विवरण :–

क) अधिकतम गहिराई :–

ख) ट्यूवेलको साइज :–

ग) प्रयोग गरिने उपकरणहरु :–

५. पानीको उपभोग सम्बन्धी विवरण :–

क) व्यक्तिगत

ख) सार्वजनिक

ग) औद्योगिक/ व्यवसायिक

घ) अन्य

६. अनुमति पत्र माग गरिएको अवधि :–

७. बोर्डले सूचनामा उल्लेख गरी माग गरेका अन्य विवरणहरु :–

निबेदकको दस्तखत :–

नाम :–

बतन :

मिति :

६ठान्(?)

अनुसूची - ३

(नियम १३ (२) सँग सम्वन्धित)

**भरतपुर खानेपानी व्यवस्थापन बोर्ड**

अनुमति पत्र नं.

मिति :

भूमिगत श्रोतको पानी निकाल्ने तथा उपयोग गर्ने सम्वन्धी अनुमति पत्र

श्री ......................

..........................

भुमिगत पानी झिक्न र उपयोग गर्न अनुमति पत्र पाँउ भनी तपाईले मिति ........... मा दिनु भएको निवेदन उपर कारवाही हुँदा यस वोर्डको मिति ........... को निर्णयनुसार देहाय बमोजिम भूमिगत पानी झिक्न र उपभोग गर्न पाउने गरी भरतपुर खानेपानी व्यवस्थापन वोर्ड नियमावली, २०६६ को नियम १३ को उपनियम (२) बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।

**अनुमति पत्र** पाउनेको नाम र ठेगाना : ...............................................

**भूमिगत** पानी निकाल्ने ठाँउको विवरण : ...............................................

**निकाल्न** र उपयोग गर्न अनुमति पत्र दिइएको पानीको अधिकतम परिमाण : .............

**भूमिगत** पानी निकाल्न प्रयोग हुने पाइप र उपकरणको विवरण : ............................

**उपयोगको किसिम** : व्यक्तिगत/सार्वजनिक/अन्य कुनै : ........................................

**अनुमति पत्र** बहाल रहने अवधि : .................. देखि ........................... सम्म

भूमिगत पानी निकाल्न र उपयोग गर्दा पालना गर्नुपर्ने शर्तहरु :

क.

ख.

ग.

अनुमति पत्र दिने अधिकारीको

दस्तखत :

नाम :

पद :

मिति :